२०७९

आधारभूत तह टिपिडी तालिम पाठ्यक्रम

बौद्धिक अपाङ्गतासम्बन्धी शिक्षक पेसागत विकास तालिम पाठ्यक्रम पहिलो चरण

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

विषयसूची

क्र. स.	विषयवस्तु	पेज नम्बर
१	परिचय	१
२	तालिमको उद्देश्य	१
३	शिक्षकको सक्षमता	२
४	तालिमको संरचना	२
५	तालिमको विषयवस्तु	३
६	तालिम कार्यान्वयन कार्यविधि	६
७	तालिम मूल्याङ्कन	६
८	परियोजना कार्य	८

१. परिचय

उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या वा कठिनाइ हुने व्यक्तिलाई बौद्धिक अपाङ्गता भएको व्यक्ति भनिन्छ । बौद्घिक विकास नभएको कारणले उमेर वा वातावरण सापेक्ष क्रियाकलाप गर्न कठिनाइ हुने व्यक्तिलाई बौद्घिक अपाङ्गता भएको मानिएको छ । उमेरअनुसार सामान्य रूपमा सिक्दै जानुपर्ने कुराहरू सिक्न कठिनाइ हुनु वा एकदमै ढिलो सिक्नु र चाँडै बिर्सनु, उमेरअनुसार गर्नुपर्ने व्यवहारहरू गर्न कठिनाइ हुनु बौद्धिक अपाङ्गताका लक्षणहरू हुन् ।साथै अन्य बालबालिकाहरूको तुलनामा हिँड्डुल गर्न र बोलेर सञ्चार गर्न ढिलो वा कठिनाइ हुनु, ध्यान तथा एकाग्रता कम हुनु र चञ्चले स्वभाव हुनु, सोच्ने, विचार गर्ने, तर्क गर्ने तथा समस्या समाधान गर्ने क्षमता न्यून हुनु जस्ता लक्षणहरूसमेत बौद्धिक अपाङ्गताका लक्षणहरू हुन् ।बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र चाहनालाई बुझेर उपयुक्त सिकाइ वातावरण सुनिश्चित गर्दै सिकाइ र व्यक्तित्व विकासमा सहजीकरण गर्न शिक्षकमा दक्षता र सिप आवश्यक पर्छ । तसर्थ बौद्धिक अपाङ्गता भएका बालबालिकाको शिक्षण सिकाइका लागि उपयुक्त विधि र प्रक्रिया पहिचान गरी सिकाइ सहजीकरणका निमित्त आवश्यक विषयवस्तुहरू यस तालिम पाठ्यक्रममा समावेश गरिएका छन् ।

२. तालिमको उद्देश्य

बौद्धिक अपाङ्गता भएका विद्यार्थी अनुकूल शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गरी विद्यार्थीको सिकाइमा सुधार ल्याउनु यस तालिमको उद्देश्य हो ।तालिमका विषयवस्तु, सहजीकरण विधि र अभ्यासमार्फत देहायअनुसारका उद्देश्य प्राप्त हुने अपेक्षा गरिएको छ :

- बौद्धिक अपाङ्गताको पहिचान गरी सिकाइ कठिनाइ पहिल्याउन
- बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शिक्षण सिकाइ रणनीति पहिचान गरी सिकाइ सहजीकरण गर्न
- पाठ्यक्रम विविधीकरणको अवधारणामा परिचित भई अभ्यास गर्न
- बौद्धिक अपाङ्गता भएका बालबालिकाकेन्द्रित सिकाइ सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्न
- अपाङ्गतामैत्री कक्षाकोठा व्यवस्थापन गर्न

३. शिक्षक सक्षमता

यस तालिमको अन्त्यमा सहभागी शिक्षकहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :

- अपाङ्गता, यसका प्रकार र वर्गीकरणका आधारहरूको पहिचान
- अपाङ्गता समावेशी शिक्षाको अवधारणा बोध
- सिकाइसम्बन्धी कठिनाइहरू पहिचान गरी सहजीकरण
- पाठ्यक्रम विविधीकरण र प्रयोग
- सिकाइ रणनीति, क्रियाकलाप तथा विधिको छनोट, उपयुक्त अनुकूलन र प्रयोग
- बालकेन्द्रित तथा प्रविधिमैत्री सिकाइ सामग्री सङ्कलन, निर्माण र प्रयोग
- अपाङ्गतामैत्री कक्षाकोठा व्यवस्थापनका तरिकाहरूको प्रयोग
- वैयक्तिक शैक्षिक योजना निर्माण र प्रयोग
- वैयक्तिक परिवार सेवा योजना निर्माण र प्रयोग
- सिकाइको लेखाजोखा र मूल्याङ्कनका साधन तथा तौरतरिकाहरूको प्रयोग

४. तालिम संरचना

क. यो तालिम १५ दिन अवधिको हुने छ । यसको पहिलो खण्ड १० दिनको तालिम (Training) ढाँचामा आमन्नेसामन्ने विधिबाट प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने

छ । यसको दोस्रो खण्ड ५ दिन अवधिको स्वाध्याय अभ्यास (Self study exercise) ढाँचामा आधारित हुने छ ।

ख. दोस्रो खण्डको ५ दिने स्वाध्याय अभ्यास ढाँचाअन्तर्गत प्रशिक्षार्थीले आफू कार्यरत विद्यालयमा आधारित भई ४ ओटा परियोजना कार्य ४५ दिनभित्र सम्पन्न गरिसक्नुपर्ने

छ । परियोजना कार्यको सबै प्रतिवेदन पहिलो खण्डको तालिम सम्पन्न भएको ५२ दिनभित्र सम्बन्धित प्रदेश शिक्षा तालिम केन्द्रमा अनिवार्य रूपमा पेस गर्नुपर्ने छ । यसमा मूलतः १० दिने तालिम कार्यशाला खण्डमा सिकेका सैद्धान्तिक ज्ञान तथा सिपको व्यावहारिक प्रयोग एवम् प्रशिक्षार्थीको सिर्जनात्मक र प्रवर्धनात्मक क्षमता प्रदर्शन गर्न उपयुक्त परियोजना कार्य (Project work) तोकिने छ ।

५. तालिमका विषयवस्तु

क्र. सं.	तालिम विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सत्र सङ्ख्या
१.	अपाङ्गताको परिचय, प्रकार, वर्गीकरण	• अपाङ्गताको परिचय • अपाङ्गतालाई हेर्ने दृष्टिकोण • अपाङ्गताका प्रकार • गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण • अपाङ्गता पहिचानका आधारहरू • अपाङ्गता भएका व्यक्तिका लागि परिचय पत्र एवम् सेवासुविधा • मर्यादित शब्दावली एवम् भाषा	१
२.	समावेशी शिक्षा र सिकाइमा समावेशी ढाँचा (Universal Design for Learning)	• समावेशी शिक्षाको अवधारणा • नीतिगत तथा कानुनी व्यवस्था • सिकाइमा समावेशी ढाँचा (Universal Design for Learning) को अवधारणा, सिद्धान्त र अभ्यास (बहुइन्द्रिय सिकाइ शैली, अनुभवमा आधारित सिकाइ, सिकाइको ट्विन ट्याक विधि र आरटिआई विधि	२
३.	बौद्धिक अपाङ्गता र डाउन सिन्ड्रोम	• बौद्धिक अपाङ्गताको परिचय र पहिचान • बौद्धिक अपाङ्गताको वर्गीकरण • डाउन सिन्ड्रोमको परिचय र पहिचान • सहजीकरणका तरिकाहरू र अभ्यास	३
४.	अटिजम र बाल मस्तिष्क पक्षाघात	• अटिजम र बाल मस्तिष्क पक्षाघातको परिचय, लक्षण, कारण र पहिचान • सहजीकरण तरिकाहरू र अभ्यास	२

५.	सिकाइमा हुने कठिनाइहरू	• सिकाइमा हुने कठिनाइहरुको पहिचान • सहजीकरणका उपायहरू	१
६.	पाठ्यक्रम विविधीकरण	• पाठ्यक्रम विविधीकरणको परिचय • पाठ्यक्रम विविधीकरणका क्षेत्रहरू • पाठ्यक्रम विविधीकरणको अभ्यास	२
७.	दैनिक आधारभूत सिपहरूको सहजीकरण र नमुना प्रदर्शन	• स्वाबलम्बन सिप • शारीरिक सिप • सामाजिक सिप • कला, खेलकुद र मनोरञ्जन • सञ्चार र प्रविधि • उपर्युक्त सिप विकासमा सहजीकरण र नमुना प्रदर्शन	५
८.	वैयक्तिक शैक्षिक योजना र वैयक्तिक परिवार सेवा योजना	• वैयक्तिक शैक्षिक योजना र वैयक्तिक परिवार सेवा योजनाको परिचय र महत्त्व • वैयक्तिक शैक्षिक योजनाको नमुना ढाँचा • योजना निर्माण र प्रयोग अभ्यास	२
९.	विद्यार्थी सिकाइ लेखाजोखा र मूल्याङ्कन	• विद्यार्थीको सिकाइ लेखाजोखा • मूल्याङ्कनका वैकल्पिक साधन तथा तरिकाहरूको प्रयोग	२
१०.	बौद्धिक अपाङ्गता भएका बालबालिकाको सिकाइ र व्यक्तित्व विकासमा अभिभावकको भूमिका	• बौद्धिक अपाङ्गता भएका बालबालिकाको सिकाइ र व्यक्तित्व विकासमा अभिभावकहरूको संलग्नता र भूमिका • अभिभावकले गर्ने सहयोगका क्षेत्रहरू र तरिकाहरू	१
११.	बौद्धिक अपाङ्गतामैत्री कक्षाकोठा/सिकाइ स्थल	• अपाङ्गतामैत्री कक्षाकोठा/सिकाइ स्थल व्यवस्थापनको अवधारणा र	२

	व्यवस्थापन	उद्देश्य • कक्षाकोठाको भौतिक र शैक्षिक सामग्रीको व्यवस्थापन • सिकाइ क्षमताका आधारमा कक्षाकोठा/सिकाइ स्थल व्यवस्थापन शिक्षणमा विविधता व्यवस्थापन	
१२. १	बौद्धिक अपाङ्गतामैत्री सामग्री निर्माण र प्रयोग	• अपाङ्गतामैत्री सामग्रीको परिचय • अपाङ्गतामैत्री शैक्षणिक सामग्री र तिनको प्रयोग • बौद्धिक अपाङ्गतामा सिकाइ सहयोगी सामग्रीको महत्त्व र प्रयोग ➢ सञ्चारपाटी ➢ टाइपोस्कोप ➢ अन्य सामग्री • बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि स्थानीय सामग्री निर्माण ➢ कठपुतली (पपेट्स) ➢ डोमिनो ➢ पजल ➢ ब्लक ➢ गेडागुडी तथा अन्न गठरी (पोका) ➢ मकैका खोया ➢ अन्य सामग्री	५
१३.	विविध	• पूर्वमूल्याङ्कन, पश्चमूल्याङ्कन • परियोजना कार्यको अभिमुखीकरण	२
		<u>जम्मा</u>	**३० सत्र**

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

६. तालिम कार्यान्वयन कार्यविधि

क) यस तालिमको लक्षित समूहका सम्बन्धमा विगतमा दुईओटा १० दिने टिपिडी मोड्युल पूरा गरेका अथवा तालिम अप्राप्त स्थायी शिक्षकलाई १ महिने तालिमको पूरक कोर्सका रूपमा यस तालिममा सहभागी हुन योग्य मानिने छ ।

ख) तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारूप, २०७२ अनुसार परीक्षा सञ्चालन र शैक्षिक जनशक्ति विकास परिषद्को मिति २०७४/०५/०६ गतेको निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको अन्त्यमा सम्बन्धित प्रदेश शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

ग) स्वाध्याय अभ्यास खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलतः प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।

घ) तालिम सहजीकरण गर्दा देहायअनुसारका न्यूनतम विधिगत मापदण्ड पूरा गर्नुपर्ने छः

- प्रदेश शिक्षा तालिम केन्द्रका विज्ञ प्रशिक्षकबाट तालिम सत्र सञ्चालन गरिने छ ।विषयको प्रकृतिअनुसार यस विषयका क्षेत्रमा लामो अनुभव भएका व्यक्तिलगायतलाई प्रशिक्षक बनाउन सकिने छ ।
- सूचना तथा सञ्चार प्रविधि तथा सान्दर्भिक तालिम सामग्री प्रयोग गर्दै छलफल, अन्तरक्रिया, अनुभव, घटना वा मामला अध्ययन, समूह कार्य तथा प्रस्तुति, स्थलगत भ्रमणलगायतका विधिको अवलम्बन गरिने छ ।
- तालिमका क्रममा तोकिएको तालिम प्याकेजलगायतका सन्दर्भ सामग्री प्रत्येक सहभागीलाई वितरण गरिने छ ।

७. तालिम मूल्याङ्कन

क) तालिम सम्पन्न गरेपछि प्रशिक्षार्थीको उपलब्धि मूल्याङ्कन गर्न देहायअनुसारका मूल्याङ्कन अङ्गगत अङ्कभार अनुसरण गर्नुपर्ने छः

मूल्याङ्कनका अङ्गगत अङ्कभार

क्र. स.	मूल्याङ्कनका अङ्ग	अङ्क भार
१	नियमितता, सहभागिता र सक्रियता	५
२	सिर्जनात्मक तथा प्रवर्तनात्मक कार्य	१०
३	लिखित परीक्षा	२५
४	स्वाध्याय अभ्यासअन्तर्गत चार ओटा परियोजना कार्य (२.५*४)	१०
	जम्मा	५०

- प्रत्येक अङ्गको उत्तीर्णाङ्क ५० प्रतिशत हुने छ ।

क्र.स.	प्राप्ताङ्क	श्रेणी
१.	९०% र सोभन्दा माथि	विशिष्टतासहित प्रथम श्रेणी
२.	८०% भन्दा माथि र ९०% भन्दा कम	प्रथम श्रेणी
३.	६५% भन्दा माथि र ८०% भन्दा कम	द्वितीय श्रेणी
४.	५०% भन्दा माथि र ६५% भन्दा कम	तृतीय श्रेणी
५.	५०% भन्दा कम	असफल

ख) लिखित परीक्षाका प्रश्नपत्र निर्माण गर्दा देहायअनुसारको विशिष्टीकरणा तालिका अवलम्बन गर्नुपर्ने छ :

क्र. स.	प्रश्नको प्रकार	प्रश्न सङ्ख्या	प्रतिप्रश्न अङ्कभार	पूर्णाङ्क
१	बहुवैकल्पिक	१०	०.५	५
२	संङ्क्षिप्त उत्तरात्मक	५	३	१५
३	समस्यामूलक	१	५	५
	जम्मा	१६	-	२५

८. परियोजना कार्य (Project work)

तालिम कार्यशाला खण्ड सम्पन्न गरेपछि सञ्चालन गरिने दोस्रो स्वाध्यय अभ्यास खण्डमा प्रत्येक प्रशिक्षार्थीले देहायअनुसारको विशिष्टीकरण मापदण्डबमोजिम परियोजना कार्य सम्पादन गर्नुपर्ने छः

परियोजना कार्य

परियोजना खण्डका लागि जम्मा ४ ओटा परियोजना कार्य निर्धारण गरिएका छन् । जसमा परियोजना १ र परियोजना २ अनिवार्य रहेका तथा बाँकीमध्ये कुनै २ ओटा गरी जम्मा ४ ओटा परियोजना कार्य सबै सहभागीले सम्पादन गर्नुपर्ने छ । प्रत्येक परियोजनाको परिणामका रूपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलग अलग प्रतिवेदन दस्तावेज प्रदेश शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

परियोजना कार्य १ : वैयक्तिक शैक्षिक योजनामा आधारित शिक्षण अभ्यास

- विद्यार्थीको आवश्यकता पहिचान गर्ने (कम्तीमा ५ जना)
- अभिभावकको संलग्नतामा योजना तयार गर्ने
- योजनालाई प्रधानाध्यापकबाट प्रमाणित गर्ने
- योजनाका आधारमा शैक्षिक सामग्री सङ्कलन र निर्माण गर्ने
- योजनाका आधारमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- अभिभावकको संलग्नतामा समीक्षा बैठक गर्ने
- विद्यार्थीको सिकाइमा आएका परिवर्तनको अभिलेखीकरण गर्ने र वैयक्तिक शैक्षिक योजनालाई आवश्यकताअनुसार अद्यावधिक गर्ने

नोटः आवासीय स्रोत कक्षाको हकमा आयालाई पनि योजना निर्माण र समीक्षामा सहभागी गराउने ।

परियोजना कार्य २ : कार्यमूलक अनुसन्धान

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्न लिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्नुपर्ने



परियोजना कार्य ३ : वैयक्तिक परिवार सेवा योजना निर्माण

- वैयक्तिक परिवार सेवा योजनासम्बन्धी अध्ययन गर्ने
- वैयक्तिक परिवार सेवा योजनाको ढाँचा तयार गर्ने
- प्रधानाध्यापक, सहकर्मी शिक्षक र अभिभावकसँग छलफल गरी पृष्ठपोषण सङ्कलन गर्ने
- पृष्ठपोषणअनुसार योजनालाई अन्तिम रूप दिने
- सो योजनालाई विद्यार्थीको सिकाइमा सहयोग पुग्ने गरी प्रयोग गर्ने
- समग्र क्रियाकलाप समेटी प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ४ : पाठ्यक्रम विविधीकरण अभ्यास

- पाठ्यक्रम अध्ययन गर्ने
- बौद्धिक अपाङ्गता भएका बालबालिकालाई अनुकूलन हुने गरी विषयवस्तु टिपोट गर्ने
- सो विषयवस्तुका आधारमा शैक्षणिक विधि तथा तौरतरिकाहरूको सूची तयार गर्ने

- अनुकूलित विषयवस्तुका आधारमा सिकाइ सहजीकरण गर्ने
- पाठ्यक्रम विविधीकरण अभ्यासको प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ५ : सिकाइ सामग्री निर्माण

- बौद्धिक अपाङ्गता भएका बालबालिकाकेन्द्रित सिकाइ सामग्री सूची तयार गर्ने
- कुनै ३ ओटा सिकाइ सामग्री निर्माण योजना तयार गर्ने
- योजनाअनुसार सामग्री निर्माण गर्ने
- ती सामग्रीको प्रयोग गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने
- समग्र सबै पक्ष समेटी प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ६ : कक्षाकोठा/सिकाइ स्थल व्यवस्थापन

- कक्षाकोठा/सिकाइ स्थलको अवस्था अवलोकन गर्ने
- विद्यार्थीको रुचि, आवश्यकता, कठिनाइ, विविधता पहिचान गर्ने
- योजना निर्माण गर्ने
- योजनाबमोजिम कक्षाकोठा/सिकाइ स्थल व्यवस्थापन गर्ने
- कक्षाकोठा/सिकाइ स्थल व्यवस्थापन गरेपछिका परिवर्तनको समीक्षा गर्ने
- समग्र सबै पक्ष समेटी प्रतिवेदन तयार गर्ने